# Computer Operator (सार्वजनिक व्यवस्थापन)-३

## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### मन्त्रालयको परिचय र पृष्ठभूमि

- वि.सं. २०२८ सालमा तत्कालीन गृह एवम् पञ्चायत मन्त्रालय अन्तर्गत स्थानीय विकास विभागको स्थापना ।
- वि.सं. २०३७ सालमा स्थानीय विकास मन्त्रालयको स्थापना ।
- वि.सं. २०६२/०६३ सालमा भएको राजनीतिक परिवर्तनसँगै मन्त्रालयमा सङ्घीय मामिलाको कार्यक्षेत्र थप गरी यस मन्त्रालयको नाम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कायम ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: सङ्घीय मामिला तथा कर्मचारी प्रशासनको केन्द्रीय निकाय ।
- नेपालको संविधान तथा निजामती सेवा ऐन २०४९ तथा नियमावली २०५० ले दिएको जिम्मेवारी बमोजिम सङ्घीय निजामती सेवाको सञ्चालन व्यवस्थापन तथा अभिलेख व्यवस्थापनको जिम्मेवारी ।
- स्थानीय तहको विकास निर्माण र सेवा प्रवाहमा सहजीकरण ।
- ७७ वटा जिल्ला समन्वय समिति, ६ वटा महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी जम्मा ७५३ स्थानीय तहको क्षमता विकास र सहजीकरण एवम् समन्वयको कार्य सम्पादन ।
- नेपालको संविधानमा उल्लेखित स्थानीय सरकारको जिम्मेवारी तथा कार्यक्षेत्र, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७५ तथा यस मन्त्रालयबाट जारी भएका परिपत्र तथा मार्गदर्शन बमोजिम स्थानीय तहहरुसँग समन्वय, सहयोग, सहजीकरण र पृष्ठपोषण प्रदान गर्नुका साथै यस मन्त्रालयले विकासका विभिन्न साझेदारहरुको सहयोगमा सञ्चालित परियोजना/ कार्यक्रमको समन्वय, सहयोग, सहजीकरण र सहकार्यको क्षेत्रमा समेत प्रभावकारी भूमिका निर्वाह गर्दै आएको ।
- समावेशीकरण, सामाजिक परिचालन, आदिवासी, जनजाति, दलित, सीमान्तीकृत, उत्पीडित वर्ग एवम् समुदायको क्षमता विकास र सशक्तिकरणका लागि विविध प्रयासहरु समेत यस मन्त्रालयले गर्दै आएको छ ।

### कार्य विवरण

**संघीय मामिला सम्बन्धी**

- सङ्घीयता कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- सङ्घीय शासन व्यवस्था सम्बन्धी अध्ययन, अनुसन्धान तथा असल अभ्यासहरुको आदान प्रदान सम्बन्धी कार्य,
- संघ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- गाउँपालिका तथा नगरपालिकाको संख्या, सीमाना, वडा र केन्द्र निर्धारण तथा हेरफेर र नामाकरण सम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजिकरण सम्बन्धी कार्य,
- विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या, सीमाना र संरचना सम्बन्धी नीति, कानून तथा मापदण्ड सम्बन्धी कार्य,
- पञ्जिकरण र व्यक्तिगत घटना दर्ता सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड निर्धारण सम्बन्धी कार्य,
- संविधान तथा सङ्घीय कानून बमोजिम स्थानीय तहलाई आवश्यक निर्देशन दिने सम्बन्धी कार्य,
- प्रदेश र स्थानीय तहबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- प्रदेश, स्थानीय तह र विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- प्रदेश र स्थानीय तह सम्बन्धी सङ्घीय कानून तथा स्थानीय तहको नमूना कानून, मापदण्ड र ढाँचा उपलब्ध गराउने सम्बन्धी कार्य,
- स्थानीय तहको अभिलेख व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धित नीति, कानून, योजना तथा कार्यक्रम समन्वय सम्बन्धी कार्य,
- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय र अभिलेखिकरण सम्बन्धी कार्य,
- स्थानीय तहमा सामाजिक परिचालन समन्वय सम्बन्धी कार्य,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्धित केन्द्रीय परियोजना सल्लाहकार समिति (CPAC) सम्बन्धी कार्य ।
- राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्थासँग सम्बन्धित नीतिगत समन्वय सम्बन्धी कार्य,
- सङ्घीयता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरुको संकलन र प्रचारप्रसार सम्बन्धी कार्य ।

Smart InfoTech

- सङ्घीय मामिला अध्ययन स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य ।
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्ने:
    - निर्वाचन आयोग
    - राष्ट्रिय दलित आयोग,
    - राष्ट्रिय समावेशी आयोग,
    - आदिवासी जनजाती आयोग,
    - राष्ट्रिय महिला आयोग
    - मधेशी आयोग,
    - थारु आयोग
    - मुस्लिम आयोग
    - केन्द्रीय पंजीकरण विभाग
    - समाज कल्याण परिषद्
    - आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान

**<u>कर्मचारी प्रशासन सम्बन्धी</u>**

- नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल इन्जिनियरिङ सेवा सिभिल समूह जनरल उपसमूह, विविध सेवा तथा यी अन्तर्गतका समूह तथा उपसमूहहरुको संचालन,
- संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- निजामती सेवाका सबै पद तथा पदाधिकारीहरुको लागि कार्य विवरण तयारी तथा अद्यावधिक,
- संघीय निजामती कर्मचारीहरुको अन्तर मन्त्रालय सरुवा,
- संघीय निजामती कर्मचारीहरुको पुरस्कार र दण्ड सम्वन्धी कार्य,
- कानूनी राय/परामर्श, आदेश तथा फैसला कार्यान्वियन सम्बन्धी कार्य,
- बढुवा समितिको सचिवालय सम्वन्धी कार्य,
- संघीय निजामती कर्मचारी प्रशासनको केन्द्रीय कर्मचारी निकाय सम्बन्धी कार्य,
- प्रशासकीय अभिलेख र तथ्यांक सम्बन्धी कार्य,
- आर्थिक प्रशासन तथा वेरुजु सम्बन्धी कार्य,
- आन्तरिक तथा जिन्सी व्यवस्थापन सम्बन्धी कार्य,
- नेपाल सरकारका अस्थायी र आवधिक प्रकृतिका आयोजनाहरुको अस्थायी दरवन्दी स्वीकृती सम्बन्धी कार्य,
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्ने:
    - प्रशासकीय अदालत
    - निजामती कितावखाना
    - अन्य महाशाखामा उल्लेख नभएका कार्य ।

**<u>योजना तथा विकास सहायता सम्बन्धी कार्य</u>**

- स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड, प्रविधि विकास र अनुसन्धान सम्बन्धी कार्य,
- फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजिकरण सम्बन्धी कार्य,
- स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको वैदेशिक भ्रमण सम्बन्धी नीति, कानून र मापदण्ड निर्धारण र समन्वय सम्बन्धी कार्य,
- मन्त्रालयसँग सम्बन्धित राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- योजना तथा अन्तर्राष्ट्रिय सहयोग सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम निर्माण तथा समन्वय,
- संघीय मामिला सम्बन्धी अन्तर्राष्ट्रिय संघ, संस्था र सञ्जालसँगको समन्वय सम्बन्धी कार्य,
- मन्त्रालय एवं अन्तर्गत निकायको लागि आवधिक तथा रणनैतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट र कार्यक्रम सम्बन्धी कार्य,
- स्थानीय तहको आवधिक, बार्षिक, रणनैतिक तथा अन्य विकास योजना सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- संघ, प्रदेश र स्थानीय तहबीचको योजना प्रणालीबीच समन्वय र तादाम्यता सम्बन्धी कार्य,
- नेपाल सरकारबाट स्थानीय तहलाई प्रदान गरिने अनुदान सम्बन्धमा समन्वय सम्बन्धी कार्य,
- अन्तर सरकारी वित्तिय सम्बन्ध सुदृढीकरणमा समन्वय तथा स्थानीय सरकारको वित्तिय ढाँचा निर्माणको नमुना विकास सम्बन्धी कार्य,

Smart InfoTech

- अन्तर-स्थानीय तह विकास योजना, परियोजना र कार्यक्रमको समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहको योजना प्रणालीमा विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- विकास सहायता नीति अन्तर्गत स्थानीय तहमा अन्तर्राष्ट्रिय सहयोग परिचालनमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहको अन्य मुलुकका स्थानीय तहसँगको भगिनी सम्बन्ध विस्तार सम्बन्धी कार्य,
- विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र र पिछडिएको क्षेत्रको विकास व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय तहको वस्तुगत विवरण, योजनागत तथ्यांक, प्रगति समीक्षा र प्रतिवेदन सम्बन्धी कार्यको अभिलेखिकरण र समन्वय सम्बन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,
- आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति सम्बन्धी कार्य,
- स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकास सम्बन्धी नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनमा समन्वय सम्बन्धी कार्य,
- भूउपयोग र वस्ती विकास योजना कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहमा विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजीकरण, समन्वय तथा अनुगमन र मूल्यांकन सम्बन्धी कार्य,
- स्थानीय तहमा विपद् पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तरनिकाय समन्वय सम्बन्धी कार्य,
- वारुणयन्त्र तथा अग्नि नियन्त्रण सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहमा भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्ने:
    - राष्ट्रिय योजना आयोग,
    - स्थानीय पूर्वाधार व्यवस्थापन विभाग
    - सडक वोर्ड नेपाल
    - लगानी वोर्ड नेपाल
    - नगर विकास कोष

**<u>स्थानीय तह क्षमता विकास सम्बन्धी कार्य</u>**

- सार्वजनिक पदाधिकारी, स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यक्रम, पाठ्यक्रम तर्जुमा, कार्यान्वियन र समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहको संस्थागत सुदृढीकरण तथा सशक्तिकरण सम्बन्धी कार्य,
- स्थानीय तहको जनशक्ति विकास नीति, योजना तथा कार्यान्वयन सम्बन्धी कार्य,
- विकासका बहुआयामिक र अन्तरसम्बन्धित विषयहरुको कार्यान्वयनमा क्षमता विकास सम्बन्धी कार्य,
- स्थानीय तहको न्यायिक समितिको क्षमता विकास सम्बन्धी कार्य,
- स्थानीय तहको क्षमता विकास सम्बन्धी कार्यमा विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहको क्षमता विकास सम्बन्धमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसंगको समन्वय र सहकार्य सम्बन्धी कार्य,
- सूचना, अभिलेख तथा विद्युत्तीय शासन सम्बन्धी नीति, कानून, योजना, कार्यक्रम तथा समन्वय सम्बन्धी कार्य,
- सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य,
- मन्त्रालय तथा स्थानीय तहमा आधुनिक सूचना प्रविधिको विकास र उपयोग सम्बन्धी कार्य,
- सुशासन प्रवर्द्धन तथा उजुरी व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय आर्थिक विकासमा सहयोग तथा सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय स्रोत परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण सम्बन्धी कार्य,
- स्थानीय तहका राजश्व परिचालन क्षमतामा लेखाजोखा र सुधार सम्बन्धी कार्य,
- संघीय प्रणाली सम्बन्धी श्रोत केन्द्र स्थापना र सञ्चालन सम्बन्धी कार्य,
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्ने:

Smart InfoTech

  - संघीय संसद
  - अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
  - राष्ट्रिय मानवअधिकार आयोग,
  - राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग,
  - राष्ट्रिय सूचना आयोग,
  - राष्ट्रिय सतर्कता केन्द्र
  - स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
  - प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम


**प्रशासन सुधार तथा जनशक्ति विकास सम्बन्धी कार्य**

- राष्ट्रिय निजामती सेवा नीति सम्बन्धी कार्य,
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, कानून र मापदण्ड र व्यवस्थापन सम्बन्धी कार्य,
- सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- प्रशासनिक सुधार सम्बन्धी नीति, योजना, समायोजन र समन्वय सम्बन्धी कार्य,
- कर्मचारी कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- व्यवस्थापन परीक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रम संचालन र समन्वय,
- प्रशासन सुधार सम्बन्धी अध्ययन, अनुसन्धान तथा नीति तर्जुमा र कार्यान्वयन
- संघीय निजामती तथा अन्य सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धमा अध्ययन, अनुसन्धान र विकास सम्बन्धी कार्य,
- स्वदेशी तथा विदेशी अध्ययन, अवलोकन भ्रमण तथा तालीम सम्बन्धी कार्य,
- नेपाल सरकारको नीति र कार्यक्रमको सफल कार्यान्वयनका लागि आवश्कता अनुसार प्रशासकीय व्यवस्थापन र कार्यविधिमा पुनरावलोकन,
- संघीय निजामती कर्मचारीको सेवा, सुविधा तथा प्रोत्साहन सम्बन्धी कार्य,
- राष्ट्रसेवक कर्मचारी संवद्ध संघ संस्था सम्बन्धी कार्य गर्ने
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्ने:
  - नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
  - निजामती अस्पताल
  - कर्मचारी तालिम प्रतिष्ठान

**कर्मचारी समायोजन तथा संगठन विकास सम्बन्धी कार्य**

- संघीय निजामती सेवा सम्बन्धी कानूनको तर्जुमा, कार्यान्वयन, संशोधन र परामर्श सम्बन्धी कार्य,
- संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धी नीति, कार्यान्वयन र समन्वय सम्बन्धी कार्य,
- संघीय निजामती सेवा र अन्य सरकारी सेवा संचालन सम्बन्धी नीति, कानून र मापदण्ड तथा सेवा, समूह र उपसमूहको व्यवस्थापन सम्बन्धी कार्य,
- संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन सम्बन्धी कार्य,
- कर्मचारी समायोजनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्य,
- संघ, प्रदेश र स्थानीय तहमा रहने पदहरुको दरबन्दी सिर्जना सम्बन्धी नीति र मापदण्ड सम्बन्धी कार्य,
- संघमा रहने मन्त्रालय, विभाग र केन्द्रीय निकायहरु र ती मातहत रहने कार्यालयहरुको संगठन संरचना र दरवन्दी निर्धारण, स्वीकृति र परिमार्जन सम्बन्धी कार्य,
- विशेष पद र विशेषज्ञ पद सिर्जना सम्बन्धी कार्य,
- संघीय निजामती सेवा र अन्य संघीय सरकारी सेवाहरुको व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहमा समायोजन र अन्तर प्रदेश कर्मचारी समन्वय एवं व्यवस्थापन सम्बन्धी कार्य,

## संगठन संरचना




## अन्तर्गतका कार्यालय/निकाय

- राष्ट्रिय किताबखाना (निजामती)
- राष्ट्रिय किताबखाना (शिक्षक)
- राष्ट्रिय किताबखाना (प्रहरी)
- जिल्ला समन्वय समिति
- स्थानीय तहहरू
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
- तराई-मधेश समृद्धि कार्यक्रम
- निजामती कर्मचारी अस्पताल
- प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

Smart InfoTech

## संवैधानिक निकाय

- संविधान बमोजिम छुट्टै काम, कर्तव्य र अधिकार तोकिएका निकाय
- राज्यका प्रमुख ३ अंग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका
- कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको नियन्त्रण, निर्देशन तथा हस्तक्षेपभन्दा बाहिर रही स्वतन्त्र, निष्पक्ष र तटस्थ ढंगबाट कार्यसम्पादन गर्न संविधानमा व्यवस्था गरिएका निकाय
- कार्यपालिकाले गर्ने कार्यलाई स्वतन्त्र एवं निष्पक्ष तरिकाबाट सम्पादन गर्न सहयोग गर्ने
- सीमित र उत्तरदायी सरकारको अवधारणा अनुरूप गठन हुने

**संवैधानिक निकायका कार्यप्रकृति**

- संविधानमा छुट्टै भागको रूपमा राखिने
- संविधान बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्ने
- काम, कर्तव्य र अधिकार एवं गठन प्रक्रिया संविधानमा उल्लेख हुने
- सरकारको काम कारबाहीको पहरेदारी गर्ने

**नेपालको संविधानमा १३ वटा निकायलाई संवैधानिका निकायका रूपमा उल्लेख गरिएको छः**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग (भाग २१, धारा २३८-२३९)
- महालेखा परीक्षक (भाग २२, धारा २४०-२४१)
- लोक सेवा आयोग (भाग २३, धारा २४२-२४४)
- निर्वाचन आयोग (भाग २४, धारा २४५-२४७)
- राष्ट्रिय मानव अधिकार आयोग (भाग २५, धारा २४८-२४९ )
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ( भाग २६, धारा २५०-२५१)
- राष्ट्रिय महिला आयोग (भाग २७ धारा २५२-२५४)
- राष्ट्रिय दलित आयोग (भाग २७ धारा २५५-२५७)
- राष्ट्रिय समावेशी आयोग (धारा २७ धारा २५८-२६०)
- आदिवासी जनजाति आयोग (भाग २७ धारा २६१)
- मधेशी आयोग (धाग २७ धारा २६२)
- थारु आयोग (भाग २७ धारा २६३)
- मुस्लिम आयोग (भाग २७ धारा २६४)

**संवैधानिक निकायको सदस्यहहरू सम्बन्धी**

- योग्यता : स्नातक (लोक सेवा आयोगको लागि स्नातकोत्तर)
- उमेः ४५- ६५ वर्ष (राष्ट्रिय मानव अधिकार आयोगमा उमेरको बन्देज नरहेको)
- अनुभवः २० वर्ष काम गरेको
- राजनैतिक दलको सदस्य नरहेको
- उच्च नैतिक चरित्र भएको
- नियुक्तिः संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिद्वारा
- कार्यकालः ६ वर्ष
- संख्याः १ अध्यक्ष (प्रमुख आयुक्त) र ४ सदस्य(आयुक्त) (म.ले.प.मा १ जना मात्र)

**पद रिक्त हुने अवस्था**

- राष्ट्रपति समक्ष राजीनामा दिएमा
- ६५ वर्ष पूरा भएमा (मानव अधिकार आयोगमा बाहेक)
- महाअभियोग प्रस्ताव पारित भएमा (धारा १०१)
- शारीरिक वा मानसिक अस्वस्थताका कारण संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले पदमुक्त गरेमा
- मृत्यु भएमा



Smart InfoTech

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग:** Anti-corruption body

- सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धा अनुसन्धान र तहकिकात गर्ने गराउने
- महाअभियोग पारित भई पद मुक्त हुने व्यक्ति, न्याय परिषद्बाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐन बमोजिम कारबाही हुने व्यकितका हकमा पदमुक्त भइसकेपछि संघीय कानून बमोजिम अनुसन्धान गर्न/ गराउन सक्ने
- भ्रष्टाचार गरेको देखिएमा अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने/ गराउने
- अनुसन्धानबाट काम कारबाही अन्य निकाय वा अधिकारीको अधिकार क्षेत्र अन्तर्गत पर्ने देखिएमा सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउने
- आयोगले प्रमुख आयुक्त, कुनै आयुक्त वा नेपाल सरकारको अधिकृत कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्ने ।

**महालेखा परीक्षकको कार्यालय:** स्वतन्त्र र सक्षम लेखा जाँचकी

- सरकारी कार्यालयहरूले राखेको आर्थिक हिसाब किताब निर्धारित ढाँचामा, मितव्ययी, पारदर्शी र औचित्यपूर्ण ढंगले राखे नराखेको जाँच गरी सरकारी स्रोत साधनको दुरुपयोगलाई नियन्त्रण गर्ने प्रमुख संवैधानिक निकाय

**कार्यक्षेत्र**

- सबै संघीय र प्रदेश सरकारी कार्यालयहरूको लेखापरीक्षण गर्ने
- पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्ति गर्दा मलेपसँग परामर्श गर्नुपर्ने
- यस्तो संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्तका सम्बन्धमा मलेपले आवश्यक निर्देशन दिन सक्ने
- लेखा परीक्षणको कामका लागि लेखासम्बन्धी कागजात जुनसुकै बखत हेर्न पाउने अधिकार हुने
- लेखा प्रणालीको लागि विभिन्न ढाँचाहरूको विकास गर्ने

**दूरदृष्टि**-जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था
**गन्तव्य**- राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने
**मूल्य/मान्यता-**

- निष्ठा
- स्वतन्त्रता
- व्यावसायिकता
- पारदर्शिता
- जवाफदेहिता

**उद्देश्यहरु**

सार्वजनिक श्रोतको उपयोग र उपलब्धी मूल्यांकन गरी लेखापरीक्षणबाट सुझाव सहितको प्रतिवेदन दिने भएकोले मुख्यतः लेखापरीक्षणको उद्देश्य देहाय बमोजिम हुने छ।

- सार्वजनिक जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्ने,
- सार्वजनिक स्रोतको परिचालनमा मितव्ययिता र कार्यदक्षता कायम गर्ने,
- सार्वजनिक निकायको प्रभावकारिता वृद्धि गर्ने,
- प्रशासनिक, वित्तीय र व्यवस्थापकीय कार्यप्रणालीको स्वच्छता सुनिश्चित एवं सुदृढ तथा सुधार गर्ने,
- प्रचलित कानूनको परिपालनामा सहयोग पुर्याउने,
- स्वविवेकीय कार्य शैलीलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने,
- प्रचलित विधि, प्रक्रिया तथा कानूनी व्यवस्थाको कमी, कमजोरी पहिल्याई सुधारका लागि व्यवहारिक सुझाव प्रदान गर्ने,
- राम्रो काम गर्नेलाई पुरस्कृत र खराब काम गर्नेलाई दण्डित गर्न प्रोत्साहित गर्ने .

**लोक सेवा आयोग:** योग्य तथा दक्ष कर्मचारी छनौट

- संविधानमा संघीय निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा विभिन्न संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्ने व्यवस्था गरिएको

- यसका अलावा निम्न विषयहरूमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छः
- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य सङ्घीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा;
- कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्तसम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा;
- सङ्घीय निजामती सेवाको शर्तसम्बन्धी कानूनको विषयमा;
- सङ्घीय निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा;
- सङ्घीय निजामती सेवाको पदमा छ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा;
- कुनै एक प्रकारको सङ्घीय निजामती सेवाको पदबाट अर्को प्रकारको सङ्घीय निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट सङ्घीय निजामती सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको निजामती सेवाको पदबाट सङ्घीय निजामती सेवाको पदमा वा सङ्घीय निजामती सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा;
- लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा; र
- सङ्घीय निजामती सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

**निर्वाचन आयोग:** स्वच्छ र निष्पक्ष निर्वाचन आयोग

- राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रतिनिधि सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचन सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण
- मतदाता नामावाली तयार
- राष्ट्रिय महत्त्वका विषयमा जनमत संग्रह
- उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय

**मानवअधिकार आयोग:** नागरिक स्वतन्त्रता र मानव अधिकारको संरक्षक

- मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन, र त्यसको प्रभावकारी कार्यान्वियन
- मानव अधिकार उल्लंघनका घटनामा छानबिन, कारबाही सिफारिस
- मानव अधिकार सचेतना

**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग:** स्रोत साधानको समानुपातिक र समन्यायिक वितरण

- संघीय संचित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार ढाँचा निर्धारण गर्ने
- संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान सम्बन्धमा सिफारिस गर्ने
- प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने
- प्राकृतिक स्रोतको परिचालन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गर्ने
- वातावरण प्रभाव मूल्याङ्कनका सम्बन्धमा सुझाव दिने